
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ६ गते शुक्रबार ❑ 20 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सभामुख पदमा एमालेका घिमिरे निर्वाचित

**रासस**
**काठमाडौँ, ५ माघ**

प्रतिनिधिसभाको सभामुख पदमा नेकपा (एमाले)का उम्मेदवार सांसद देवराज घिमिरे निर्वाचित हुनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा उहाँलाई मतदान गर्ने पक्षमा एक सय ६७ मत खसेको थियो। उक्त प्रस्तावकको विपक्षमा एक सय मत खसेको थियो । मतदानमा दुई सय ६८ले भाग लिनुभएको थियो । एक जनाले मत दिनुभएन।

मतदान प्रक्रियापछि प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले मत विभाजनको नतिजाबारे जानकारी दिँदै सदनको हाल कायम सङ्ख्याको बहुमत प्राप्त गर्नुभएकाले घिमिरे सभामुखमा निर्वाचित भएको घोषणा गर्नुभयो। घिमिरेको प्रस्तावकमा एमालेका उपाध्यक्ष सुवास नेम्वाङ



र समर्थकमा नेकपा (माओवादी केन्द्र)का संसदीय दलका प्रमुख सचेतक हीतराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन एवं राष्ट्रिय स्वजतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने हुनुहुन्थ्यो । नेपाली कांग्रेसका उम्मेदवार ईश्वरीदेवी न्यौपानको प्रस्तावकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र समर्थकमा नेकपा (एकीकृत समाजवादी)का नेता प्रकाश ज्वाला हुनुहुन्थ्यो।

एमालेका घिमिरेलाई सत्ता साझेदार एमाले, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्तवन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलगायत राजनीतिक दल तथा केही स्वतन्त्र सांसदको समर्थन रहेको थियो।

विसं २०१३ मा ताप्लेजुङमा जन्मनुभएका घिमिरे २०५६ देखि २०६० सालसम्म राष्ट्रियसभा सांसद हुनुहुन्थ्यो । उहाँ प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा झापा क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको थियो । उहाँले विद्यार्थी सङ्गठनबाट राजनीति सुरु गर्नुभएको थियो । उहाँ विसं २०४९ मा एमालेको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । घिमिरेले एमालेको स्वास्थ्य विभागको अध्यक्ष भएर काम गर्नुभएको थियो । हाल उहाँ एमालेको स्थायी समिति सदस्य र प्रदेश नं १ को इञ्चार्ज हुनुहुन्छ । सङ्घीय संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यमध्येबाट सभामुख निर्वाचित गर्ने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभाको पहिलो बैठक गत पुस २५ गते बसेको थियो। नेपाली जनताको सर्वभौमसत्ता सम्पन्न सर्वोच्च थलोका रुपमा प्रतिनिधिसभा रहिआएको छ।

## लण्डनको सदर्क काउन्सीलका मेयर चोप्रा रोयल ट्रेकमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

ब्रिटिसको लण्डन सदर्क काउन्सीलका मेयर सुनिल चोप्राले पोखराले पर्यटनको माध्यमबाट सम्बृद्धि हासिल गर्न सक्ने बताएका छन्।

पोखरा महानगरपालिका वडा नं. २६ बाट प्रारम्भ हुने रोयल ट्रेकको विहिबार निरिक्षणका क्रममा मेयर चोप्राले पोखरा उपत्यकाका डाँडाबाट प्रकृतिको मनोरम दृश्यावलोकन गर्न सकिने उल्लेख गर्दै, पर्यटनका क्षेत्रमा लगानीको वातावरण बनाउन आग्रह गरे।

पत्नी भर्षा सहित पोखरा भ्रमणमा आएका मेयर चोप्राले विट्रिसका तत्कालिन युवराज चार्ल्सले समय विताएको पोखरा २६ को सिलिङ्गे ट्राईगर ट्रि मा स्थानीय जनप्रतिनिधिसँग यस क्षेत्रको विकासको संभावनाका बारेमा छलफल गरेका थिए । मेयर चोप्राले रोयल ट्रेकमा झण्डै एक किलोमिटर पैदलयात्रा गरेका थिए। सो अवसरमा पोखरा महानगरपालिका वडा नं. २६ का



वडाध्यक्ष नरेन्द्र थापाले सिलिङ्गेमा अन्तराष्ट्रिय सम्मेलन केन्द्र निर्माण, रोयल ट्रेकको विकास एवं विट्रिसका राजा चार्ल्स थर्डलाई पुन एक पटक नेपाल भ्रमणको वातावरण मिलाईदिन आग्रह गरेका थिए। अध्यक्ष थापाले सदर्क नगर र पोखरा महानगरपालिकाको विचमा भगिनी संवन्ध स्थापना गरी कला र संस्कृतिको आदान प्रदान गर्न सकिने उल्लेख गरे । मेयर चोप्राको भ्रमणलाई पूर्व पर्यटन दुत एवं एभरेष्ट इन यू.के का अध्यक्ष पशुपति भण्डारीले सहजीकरण गरेका थिए। मेयर चोप्रालाई पोखरा महानगरपालिका वडा नं. २६ का वडाध्यक्ष नरेन्द्र थापा, वडा नं. २८ का वडाध्यक्ष श्रीकृष्ण लामिछाने, वडा नं. १३ का अध्यक्ष किरण बराल, वडा नं. ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानी, वडा नं. २६ का जनप्रतिनिधि लक्ष्मीदेवी भट्टराई, तिर्थबहादुर राजभाट, सुजता बराल सुनार, सुदिपराज ढुंगाना, लेखनाथ खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मा स्थानीय वासिन्दा हरि अधिकारी, चन्द्रबहादुर रानाभाट, शिवबहादुर रानाभाट, चिनिया थापा, डम्बर बहादुर थापा, मदन बस्नेत लगायतले स्वागत गरेका थिए । मेयर चोप्रा दम्पतीले टाइगर टप रिर्सोटमा समेत केही समय बिताएका थिए।

## राष्ट्रपतिमा राष्ट्रिय सहमति खोज्नेछौँ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, ५ माघ**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रपति पदका लागि राष्ट्रिय सहमति खोज्ने प्रयासमा आफूहरु रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको बिहीबार को बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीसँगको कुराकानीमा उहाँले राष्ट्रपतिको निर्वाचनमा राष्ट्रिय सहमति गराउन कोशिस जारी राख्ने बताउनुभयो।

सत्ता साझेदार दल र आफूले पनि राष्ट्रपतिमा सबै दलहरुबीच समझदारी बनाउने पहल गरिरहेको जनाउँदै उहाँले राष्ट्रपतिको निर्वाचन आउने दिनसम्म राष्ट्रिय सहमति हुने विश्वास व्यक्त गर्नुभयो।

'राष्ट्रपतिको निर्वाचन आउन अझै समय बाँकी छ। हामी सत्ता साझेदार र मैले पनि सकेसम्म कुनै एउटा समझदारी बन्दिए हुन्थ्यो भन्नेतिर कोशिस गरिरहेका छौँ', प्रधानमन्त्री दाहालले भन्नुभयो, 'हामी त्यो कोशिस जारी राख्नेछौँ ।' प्रतिनिधिसभाको सभामुखमा पनि सबै दलहरुबीच साझा समझदारी बनाउने प्रयास भए पनि अन्तिम समयमा सत्ता साझेदार दल र प्रमुख प्रतिपक्षी दलहरुबीच प्रतिस्पर्धा भएको थियो। प्रतिनिधिसभामा बुधबार भएको मतदानमा नेकपा (एमाले) का देवराज घिमिरे निर्वाचित हुनुभएको छ। 'आज सभामुखको निर्वाचन भयो । सबै कुरा तपाईंहरुले थाहा पाइहाल्नुभयो।

हामी सत्ता साझेदार सबै एकै ठाउँमा उभियौँ। अब प्रमुख प्रतिपक्षले पनि उम्मेदवार उठायो, प्रतिस्पर्धा भयो। बहुमतद्वारा घोषणा भयो। भोलि उपसभामुखको मनोनयन हुन्छ। पर्सी निर्वाचन हुन्छ। यही प्रक्रियाअनुसार नै निर्वाचन हुन्छ', उहाँले भन्नुभयो।

## केही दिनभित्रैमा सरकारले पूर्णता पाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

गण्डकी प्रदेश सरकारले नयाँ मुख्यमन्त्री पाएको ११ दिन बितिसक्दा मन्त्रिपरिषद्ले भने अझै पूर्णता पाउन सकेको छैन।

बिनाविभागीय मन्त्रीका रूपमा शपथ लिनुभएका तीन मन्त्रीको जिम्मेवारी बाँडफाँटसमेत भएको छैन । मन्त्रिपरिषद् कहिले विस्तार हुन्छ कुनै टुङ्गो छैन। सरकारका प्रवक्ता एवं मन्त्री सीताकुमारी सुन्दासले केही दिनभित्रैमा सरकारले पूर्णता पाउने बताउनुभयो । 'मन्त्रालयको संख्या घटाएर मात्र मन्त्रिमण्डल विस्तार गर्ने तयारी छ, मुख्यमन्त्रीज्यूले सुरुदेखि नै यसैमा जोड दिइरहनुभएको छ', उहाँले भन्नुभयो । सत्तारुढ दलबीच मन्त्रालय घटाउने र मन्त्रीको जिम्मेवारी बाँडफाँटका विषयमा छलफल भइरहेको प्रवक्ता सुन्दासले उल्लेख गर्नुभयो । दुई-तीन दिनभित्रैमा यो विषय टुङ्गोमा पुग्ने उहाँको भनाइ छ । हाल रहेका १२ मन्त्रालयलाई घटाएर सातमा पुऱ्याउने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको तयारी छ । यसअघि प्रदेशसभाका उपसभामुखको निर्वाचनलगत्तै मन्त्रिपरिषद् विस्तार गर्ने भनिए पनि त्यसो हुन सकेन। उपसभामुख निर्वाचित भएको पनि चार दिन बितिसकेको छ । मन्त्रालयको जिम्मेवारी नतोकिँदा मन्त्रीहरू कामविहीन स्थितिमा हुनुहुन्छ । विभागीय मन्त्री नहुँदा मन्त्रालयका कामकारबाही पनि प्रभावित हुने देखिएको छ। गत पुस २५ गते मुख्यमन्त्री खगराज अधिकारीसहित तीन विनाविभागीय मन्त्रीले पद तथा गोपनीयताको शपथ लिनुभएको थियो । बिनाविभागीय मन्त्रीको हैसियतामा नेकपा (माओवादी केन्द्र)का हरिबहादुर चुमान, नेकपा (एमाले)बाट सीताकुमारी सुन्दास र राष्ट्रिय प्रजातन्त्र पार्टीका पञ्चराम गुरुङ रहनुभएको छ।

## वालिङ घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

फुटबल खेल सञ्चालन भइरहेको वालिङ खेल मैदानमा बिहीबार हेलिकप्टर बसेपछि सिर्जित घटनाको विषयमा छानबिन गरी दोषीमाथि आयोजकले कारबाहीको माग गरेको छ।

खेल जारी रहेका बेला मैदानमा हेलिकप्टर अवतरण गरेपछि खेल हेर्न आएका दर्शकले हेलिकप्टरका पाइलट तथा यात्रुमाथि हातपात गरेपछि अवस्था असामान्य बन्न पुगेको थियो । स्याङ्जाको वालिङ-८ स्थित खेल मैदानमा आयोजक वालिङ युनाइटेड रातो र एभिनियर फुटबल क्लब क्यामरुनबीच भइरहेको दोस्रो सेमिफाइनलको पहिलो हाफको ३५औँ मिनेट आसपासमा खेल मैदानमा हेलिकप्टर अवतरण गरेपछि आक्रोशित दर्शकले हातपात गरेका थिए। राष्ट्रियस्तरको खेल भइरहेको स्थानमा प्रशासन तथा स्थानीय आयोजक क्लबको अनुमति विना खेल मैदानमा विना सूचना, विना जानकारी हेलिकप्टर अवतरण गर्दा दर्शक आक्रोशित भएका हुन्। हेलिकप्टर अवतरण गर्ने वरिपरि ठाउँहरू हुँदाहुँदै पनि केही व्यक्तिको दबाबमा खेल भइरहेको मैदानमा अवतरण गरी खेलमा अवरोध सिर्जना गर्न खोजिएकाले समस्या उत्पन्न भएको वालिङ युनाइटेड फुटबल क्लबका अध्यक्ष लालबहादुर ज्वारचनले बताउनुभयो।

'बिरामी लिएर आएको, बिरामी लिन आएको वा हेलिकप्टरमा कुनै समस्या आएमा अकस्मात अवतरण गर्नुपर्थ्यो त्यस्तो आपत्कालीन कुरा सबैले बुझ्नुहुन्थ्यो', उहाँले भन्नुभयो, 'खेल भइरहेको स्थानमा खै के उद्देश्यले हो हेलिकप्टर अवतरण गरियो, जुन कुनै आकस्मिक नभई नियोजितरूपमा भएकाले पनि दर्शकहरू आक्रोशित हुनुभएको हो ।' संवेदनशील विषयप्रति आयोजकले ध्यानाकर्षण गर्दै दोषी उपर छानबिन तथा कारबाहीको माग गर्दै वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिएको छ। पोखराबाट आएको प्रभु एयरको हेलिकप्टरमा पाइलट र स्थानीय तीन यात्रु थिए।

तर वायुसेवा सञ्चालक संघले हेलिकप्टर पाइलटमाथि कुटपिट गर्ने समूहलाई कारबाही गर्न माग गरेको छ।

संघले बिहीबार विज्ञप्ति जारी गर्दै स्याङ्जाको वालिङमा हेलिकप्टर पाइलटमाथि कुटपिट गर्ने समूहलाई कारबाही गर्न माग गरेको हो। प्रभु हेलिकप्टर्स प्रालिको हेलिकप्टर बिहीबार दिउँसो पोखराबाट उडेर स्याङ्जाको वालिङस्थित फुटबल मैदानमा २:२४ मा अवतरण गरेको थियो । सङ्घका अनुसार यात्रुले दिएको जीपीएस कोर्डिनेटअनुसार हेलिकप्टर अवतरण गरेको थियो। सो क्रममा क्याप्टेन रानेश डङ्गोलमाथि स्थानीय समूहले कुटपिट गरी घाइते बनाएको छ।

उक्त घटनाको भत्सर्ना गर्दै सङ्घले जीउ ज्यानको पर्वाह नगरी अहोरात्र दुर्गम क्षेत्रका बासिन्दाको सेवामा खटिई सुत्केरी, बिरामीलगायत अन्य संवेदनशील मानवीय तथा विकास निर्माणमा संलग्न हुने क्याप्टेनमाथि कुटपिट हुनु निन्दनीय रहेको ठहर गरेको छ। घटनाको छानबिन गरी दोषीमाथि कारबाही र सुरक्षाको पूर्ण प्रत्याभूति गराउन सङ्घले माग गरेको छ।

## १० नेपाली र दुई कोरियन नागरिकको शव बुझाइयो

**रासस**
**काठमाडौं, ५ माघ**

गत आइतबार पोखरामा भएको विमान दुर्घटनामा मृत्यु भएकामध्ये ४९ को शव काठमाडौँ ल्याइएकामा १२ जनाको परीक्षण (पोष्टमार्टम) गरी बिहीबार परिवारलाई बुझाइएको छ।

माघ १ गते आइतबार काठमाडौँबाट पोखरातर्फ उडेको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटिआर-७२-५०० विमान दुर्घटनामा परेर मृत्यु भएका ७१ मध्ये २२ जनाको शव पोखरामा नै परीक्षण गरी आफन्तलाई बुझाइएको थियो । काठमाडौँस्थित त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जमा ल्याइएका ४९ मध्ये १२ जनाको शव परीक्षण गरी बिहीबार सम्बन्धित परिवार र नेपालस्थित कूटनीतिक नियोगमा जिम्मा लगाइएको यती एयरलाइन्सले जनाएको छ । जिम्मा लगाइएकामध्ये १० नेपाली र दुई शव कोरियन नागरिकको रहेको छ। पहिचान खुलेका बाँकी शव पनि परीक्षण गरेर सम्बन्धित परिवारलाई जिम्मा लगाउने तयारी भइरहेको छ। पहिचान नखुलेका शवको भने डिएनए परीक्षण गरेर मात्र परीक्षण गरी मृतकका परिवारलाई बुझाइने छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हरिहर मन्दिरको ऐतिहासिकता: रामकालीन कहानी, १८ औँ शताब्दीका प्रमाण

**रासस**

**पोखरा, ५ माघ**

पोखरा महानगरपालिका-१७ मा पर्दछ सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिर। पोखराको प्राचीन धार्मिक महत्वको तीर्थस्थलका रुपमा मन्दिरले चर्चा कमाएको छ।

रामकालीन कहानी जोडिएको मन्दिर स्थापनाको प्रमाण भने १८औँ शताब्दीका छन् । मन्दिरका अध्यक्ष नगेन्द्र शर्मा भण्डारीका अनुसार यहाँस्थित हरिहर मन्दिरको प्राप्त लालमोहरबाट मन्दिर विसं १८६४ सालमा स्थापना भएको पुष्टि हुन्छ। प्राचीन मन्दिर जीर्ण भएपछि पुरानै मौलिकस्वरुप अनुसार हाल रहेको मन्दिर निर्माण भएको उहाँले बताउनुभयो।

पछिल्ला समयमा हरिहर मन्दिर क्षेत्रलाई व्यवस्थित गर्ने काम भइरहेको बताउँदै अध्यक्ष भण्डारीले मन्दिरको प्रवेशद्वार निर्माणसँगै मन्दिर परिसरमा हनुमानको मूर्ति, १०८ शिवलिङ, १०८ धाराआदि निर्माण गरिएको जानकारी दिनुभयो। यहाँ प्रत्येक वर्षको माघे सङ्क्रान्तिका दिन लाग्ने मेला रामकालीन समयदेखि नै सञ्चालनमा आएको किम्बदन्ती रहेको ८४ वर्षीय कर्णाखर भण्डारीले बताउनुभयो । "हरिहर मन्दिर, सीताको पाइलाको चक्रआदि यहाँको ऐतिहासिकताका ज्वलन्त प्रमाण हुन्", उहाँले भन्नुभयो, "मन्दिरको पुनःनिर्माणका क्रममा खन्दा तत्कालीन समयमा हातले नै बनाइएका इँटा फेला परेका थिए ।" विसं २०१३ मा राजा महेन्द्रको पोखरा भ्रमणका क्रममा यहाँको ऐतिहासिकतालाई बुझ्रेर सीता पाइला भन्ने गरिएको स्थानमा उत्खनन् गर्न लगाउँदा सीताको पाइलाको चक्र फेला परेको उहाँले बताउनुभयो। सीता पाइलाको चक्र रहेको बर पिपलको फेद नै एउटै रहनु यहाँको अर्को विशिष्टता हो।

मन्दिरको नजिकै रहेको महतगौँडा र टुड्ग्यालाई जोड्ने प्राचीन प्राकृतिक पुल ढुङ्गेसाँघु पनि यहाँको ऐतिहासिकताको ज्वलन्त प्रमाण हो । माघे सङ्क्रान्तिमा यसै क्षेत्रमा लाग्ने मेला भएकाले यसलाई ढङ्गेसाँघुको मेला भन्ने गरिएको सदा शिवजी सिद्धेश्वर हरिहर मन्दिरका अध्यक्ष नगेन्द्र शर्मा भण्डारी बताउनुहुन्छ। ढुङ्गेसाँघुसँग नाम जोडिएको मेला भने भगवान रामसीताको कथासँग पनि जोडिएको छ। भगवान राम र सीताले माघे सङ्क्रान्तिको दिनमा यही स्थानमा बसेर खाजा खाएको धार्मिक विश्वासका आधारमा प्राचीनकालदेखि यस दिनमा यही जम्मा भएर शखर, चिउरा, तरुल खानेगरी मेलाको सुरुआत हुँदै आएको विश्वास रहेको उहाँले बताउनुभयो।

माघे सङ्क्रान्तिका दिनमा सम्पूर्ण देवीदेवता हरिहरको दर्शनका लागि यही स्थलमा आउने भएकोले यहाँ आएर स्नान एवम् दर्शन गर्नेले सम्पूर्ण देवीदेवताको दर्शन गर्न पाउने धार्मिक विश्वास पनि कायमै छ। अध्यक्ष भण्डारीका अनुसार यहाँस्थित हरिहर मन्दिरको प्राप्त लालमोहरबाट मन्दिर विसं १८६४ मा स्थापना भएको पुष्टि हुन्छ। प्राचीन मन्दिर जीर्ण भएपछि पुरानै मौलिकस्वरुप अनुसार हाल रहेको मन्दिर निर्माण भएको उहाँले बताउनुभयो। पछिल्ला समयमा हरिहर मन्दिर क्षेत्रलाई व्यवस्थित गर्ने काम भइरहेको बताउँदै अध्यक्ष भण्डारीले मन्दिरको प्रवेशद्वार निर्माणसँगै मन्दिर परिसरमा हनुमानको मूर्ति, १०८ शिवलिङ्ग, १०८ धाराआदि निर्माण गरिएको जानकारी दिनुभयो।

यहाँ लाग्ने मेला रामकालीन समयदेखि नै सञ्चालनमा आएको किम्बदन्ती रहेको भण्डारीको भनाइ छ। मन्दिरको पुनःनिर्माणका क्रममा खन्दा हातले नै बनाइएका इँटा फेला परेको उहाँले जानकारी दिनुभयो। मेला लाग्ने परिसरमा रहेको प्राचीन बर पिपलको फेदमा सीताको पाइलाको चक्र रहेको उहाँले बताउनुभयो। विसं २०१३ मा राजा महेन्द्रको पोखरा भ्रमणका क्रममा यहाँको ऐतिहासिकतालाई बुझ्रेर सीतापाइला भन्ने गरिएको स्थानमा उत्खनन् गर्न लगाउँदा सीताको पाइलाको चक्र फेला परेको उहाँको भनाइ छ।

स्थानीय मन्दिर व्यवस्थापन समितिका सदस्य डिलुमाया भण्डारीले हरिहर मन्दिरमा रहेको मूर्ति पोखरा क्षेत्रकै प्राचीनमूर्ति रहेको बताउनुभयो । समय समयमा मन्दिर परिसरमा नाग देखापर्ने र हरिहरको मूर्तिको छिद्रबाट अनौँठो जीव देखिने गरेको उहाँले अनुभव सुनाउनुभयो । मन्दिर परिसरमा समय समयमा बाघ देखिने गरे पनि मन्दिरमा पालिएका गाई सुरक्षित र हनुलाई धार्मिक आस्था एवम् विश्वासका साथ हेर्ने गरिएको उहाँको भनाइ छ। यस क्षेत्रका रहेका सदाशिवजी सिद्धेश्वर हरिहर मन्दिर, सीता मन्दिर, शिव मन्दिर, नारायण मन्दिर, सिद्धेश्वर मन्दिर, गणेश मन्दिर आदिका कारण यहाँको गरिमा र महत्व बढाएको सदा शिवजी सिद्देश्वर हरिहर मन्दिरका पूर्व अध्यक्ष ऋषिराम भण्डारी बताउनुहुन्छ।

यस क्षेत्रमा शिवरात्री, रामनवमी, कृष्णा जन्माअष्टमी, जनैपूर्णिमालगायत चाडपर्व र तिथिमा पनि विशेषमासमेत भीड लाग्ने उहाँले बताउनुभयो । कुनै प्राविधिकको सहयोग बिना नै प्राचीनकालदेखि नै प्राकृतिक रुपमा बनेको सेती नदी माथिको ढुङ्गे साँघुमा ठूला सवारीसाधन आवातजावत नगरेपनि ट्याक्सी र मोटरसाइकल भने ओहोरदोहोर गर्दछन्। यहाँको ढङ्गेसाँघु कसरी बन्यो भन्ने सम्बन्धमा चासो भए पनि यो अझै अनुसन्धानको पर्खाइमा छ। पोखरा उपत्यकाको उत्पत्तिसँगै यहाँ उक्त पुल निर्माण भएको हुनसक्ने तर्क छ।

प्राचीनकालमा अन्नपूर्ण र माछापुच्छे हिमशृङ्खलाको आसपासका हिमताल फुट्दा भीषण बाढीसँगै आएको माटो, बालुवा, गेग्रान, चट्टान र वनपैदावारका कारण पोखरा उपत्यकाको उत्पत्ति भएको अनुमान गरिन्छ । त्यही समयमा सेती नदी माथिको प्राकृतिक ढुङ्गेसाँघुको निर्माण भएको भूगर्भविद्हरू बताउँछन्।

पोखरा उपत्यका बन्ने क्रममा सेती नदीको दायाँबायाँ जमिनमा धाँजा फाटेर विपरीत दिशाबाट एकै साथ ढलेका ठूलाठूला दुईवटा चट्टान एकापसमा जोडिएको र नदीको पानीले तल्लो भाग खोलेर निकास बनाएपछि जोडिएको उपल्लो भागले पुलको आकार लिएको हुनसक्ने अनुमान गरिएको छ।

# पोखरा महोत्सवमा ज्योती र सविनको प्रस्तुतीमा झुमे दर्शक

**पोखरापत्र संवाददाता**

**पोखरा, ५ माघ**

अमरसिंह चौरमा जारी पोखरा महोत्सवमा गायिका तथा मोडल ज्योती मगरको प्रस्तुती मार्फत दर्शकहरुले भरपुर मनोरन्जन लिएका छन।

महोत्सवमा बिहीबार लोकदोहोरी गायिका तथा मोडल ज्योती मगरको प्रस्तुतीमा युवा देखी वृद्धवृद्धाहरुले मनोरन्जन लिएका हुन। ज्योती संगै महोत्सवमा जीवन दाहाल, शिवहरी ढुंगाना, शंकर पन्त, सीता परियार, पुजा तामाङ, तुलसा जिसी, माधव चापागाइ, नेत्र खड्का लगायतको दोहोरी प्रस्तुती मार्फत दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए।

त्यसैगरी सांझको लाइभ ब्याण्ड तर्फ सविन राइ एण्ड द फेरोहको प्रस्तुती मार्फत युवाहरुले मनोरन्जन लिए । युवाहरु माझ चर्चित सविन राइले आफ्नो प्रस्तुती राख्दा दर्शकहरु निकै उत्साहित बनेका थिए । नवौ दिन सम्म आइपुग्दा महोत्सवमा दर्शकको भीड वड्दै गएको छ । महोत्सवमा दर्शकको भीड संगै कारोबार समेत बढेको प्रचार प्रसार संयोजक दिनेश सुनारले



जानकारी दिए।

महोत्सवमा शुक्रबार लोकदोहोरी तर्फ आलिफ खान, जीवन दाहाल, शिवहरी ढुंगाना, रेशम निर्दोश, ज्योती लोहोनी, कमला गैरे, जुना क्षेत्री, टेक क्षेत्रीको प्रस्तुती रहने छभने नेत्रपाणी बास्तोलाले कार्यक्रम सञ्चालन गर्नेछन । त्यसैगरी हास्य प्रहसन तर्फ राजेन्द्र गिरी जादुगर गुन्द्रुके मुना गिरीको प्रहसन संगै डान्स जादु प्रस्तुती रहन छभने २३ इन्चको मनोज गोर्खालीमार्फत डान्स प्रस्तुती रहने छ । त्यसैगरी सांझको लाइभ ब्याण्ड तर्फ अनुप्रस्थाको प्रस्तुती रहने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

त्यसैगरी महोत्सवमा जारी विद्यालय स्तरिय लोक नृत्य प्रतियोगितामा मेरिगोल्ड बोर्डिङ स्कुल अघिल्लो चरणमा प्रवेश गरेको छ।

बिहीबार सम्पन्न पहिलो चरणको प्रतियोगितामा अमर सिंह मावि, श्री नव प्रभात सेकेण्डरी स्कुल, मेरिगोल्ड इङलिस बोर्डिङ स्कुल, श्री सिद्ध मावि र बाल कल्याण मावि विच भएको प्रतिस्पर्धामा मेरिगोल्ड बोडिङ स्कुल अघिल्लो चरणमा प्रवेश गरेको हो। विद्यालय स्तरिय लोकनृत्य प्रतियोगितामा माघ ८ गते भ्यु प्वाइन्ट बोडिङ स्कुल, मेट्रोपोलिटन एकेडेमी, कास्की मोर्डनाइज र मेरिगोल्ड बोर्डिङ स्कुल बीच फाइनल प्रतिस्पर्धा हुनेछ।

# सहकारी क्षमता तथा कोपोमिस सम्वन्धी अनुशिक्षण कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**

**पोखरा, ५ माघ**

पोखरा महानगरपालिका सहकारी शाखाको आयोजनामा पोखरामा रहेका सहकारीमा कार्यरत कर्मचारीहरुका लागि २ दिने सहकारी क्षमता तथा कोपोमिस सम्वन्धी अनुशिक्षण कायक्रम पोखरामा आज बिहिबारबाट सुरु भएको छ।



पोखरा महानगरपालिका सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले प्रत्येक सहकारीले कोपोमिस प्रणाली प्रयोग गर्नुपर्ने आवश्यक रहेको बताउदै नितिनियम, ऐनकानुन पालना गर्नुपर्ने र यस तालिम पश्चात आफुले जानेको सिकेको पालना गर्नुपर्न र अरुलाई पनि सिकाउन अनुरोध गर्नुभयो । पोखरा महानगरपालिका सहकारी समितिकासदस्यनारायणआचार्यले सहभागीहरुलाई स्वागत गर्दै कारबाहिबाट जागिन आँफु सजग हुनुपर्ने र प्रत्येक डाटाहरु प्रविष्ट गर्नुपर्ने बताउनुभयो। अनुशिक्षण कायक्रमका प्रशिक्षकहरु पोखरा महानगरपालिकाका सहकारी शाखा प्रमुख भरतराज पौडेल, रिषीराम सापकोटा, रविरमण तिवारी, पोखरा महानगरपालिका सहकारी समितिका सदस्य दिपक प्रकाश आचार्य रहेका थिए । कार्यक्रममा सहकारीको आधारभूत मुल्य मान्यता तथा सहकारीको सिद्धान्तहरु, सम्पत्ति शुद्धिहरण तथा सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका, सहकारी लगत व्यवस्थापन, अभिलेख व्यवस्थापन सहकारी सस्थालाई पासवर्ड लगईन वितरण सूचना हेर्ने साथै नेपाली टाईप गर्ने र सोको अभ्यास पनि गराइएको जानकारी रिषीराम सापकोटाले दिनुभयो।

बिहिबार र शुक्रबार हुने तालिममा भोली आवश्यक पुर्वाधार, समष्टिगत विवरण र सोको अभ्यास, सहकारीको सदस्यता विवरण प्रविष्टि र विवरण प्रविष्टि तयारी, जेपीजी फाईल, पिडिफ फाईल बनाउने र अपलोड कार्यहरुको जानकारी तथा सोको अभ्यास, मासिक विवरण, बार्षिक विवरण सुचना पोष्ट गर्ने प्रयोगात्मक अभ्यास, सहकारी संस्थाहरुको समितिको नामावली तथा साधारण सभाको जानकारी र विविध कार्यक्रम रहेको जानकारी रिषीराम सापकोटाले दिनुभयो।

# वडा १३ मा तीन सय जनाको नि:शुल्क आँखा परीक्षण

**पोखरापत्र संवाददाता**

**पोखरा, ५ माघ**

पोखरा महानगरपालिका वडा १३ ले वुधवार तीनसय भन्दा बढि स्थानीयवासीहरुको आँखा परीक्षण गरेको छ।

लायन्स क्लब, वडा कार्यालयको आयोजनामा दुई सय महिला र एक सय पुरुषले आँखा परीक्षण गरेका हुन् । हिमालय आँखा अस्पतालको प्राविधिक सहयोगमा एक दिने शिविर सञ्चालन सम्पन्न भएको हो । एक दिने निःशुल्क आँखा शिविरमा ७ जनामा मोतियाविन्दु फेला परेको वडा १३ का वडा अध्यक्ष किरण बरालले जानकारी गराए । 'मोतियाविन्दु फेला



परेका बिरामीलाई हिमालय आँखा अस्पतालले निःशुल्क उपचार गरिदिन्छ,' अध्यक्ष किरणले भने, 'आफ्नो वडाबासीको स्वास्थ्यमा ध्यान दिँदै यस्ता शिविर समय-समयमा सञ्चालन गर्ने गरिएको छ।'

वडाबासीको स्वास्थ्यलाई लिएर जनप्रतिनिधि गम्भीर भएकाले आँखा शिविर सञ्चलन गरिएको भनाइ छ । 'युवा, युवती, महिला र वृद्धहरूको आँखा परीक्षण गरिएको थियो', अध्यक्ष वराल भन्छन् । अध्यक्ष बरालले आँखा जस्तो संवेदनशील अंगलाई समयमा रोग लाग्न नदिएर सचेत हुनुपर्ने धारणा राखे। उनले साथसाथै उनीहरूको स्वास्थ्यलाई ध्यानमा राख्दै निःशुल्क उपचारको काम गरिरहेको बताए।

हिमालय आँखा अस्पतालमा अप्थाल्मिक साइन्समा अध्ययनरत गरिमा लौडारीले निःशुल्क आँखा परीक्षण कार्यक्रममा सोचे भन्दा धेरै वडावासीहरुको उपस्थिति हुनाले कार्यक्रम सफल भएको वताइन् । उपाचार पछि वडावसीहरुले खुशी हुँदै औषधी पनि घर लिएर गएका लौडारीले भनिन् ।

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# सभामुखमा भूईं मान्छे

प्रतिनिधिसभाको सभामुखको निर्वाचनमा नेकपा एमालेका नेता देवराज घिमिरे १६७ मत पाएर निर्वाचित भएका छन् । काङ्ग्रेस उमेदवार ईश्वरी देवी न्यौपानेले १०० मत ल्याइन् । तटस्थ १ मत परेको छ ।२६८ मतदानमा भाग लिएका थिए । सभामुखमा घिमिरे नयाँ अनुहार भएपनि एमाले राजनीति बुझ्नेहरूका लागि उनी नयाँ होइनन् । प्रतिनिधिसभामा घिमिरेको इन्ट्री भने पहिलोपटक हो । २०४८ सालमै प्रतिनिधिसभाको टिकट अर्को व्यक्तिका लागि त्यागेका घिमिरे पुराना नेता हुन । विसं २०३१ सालमा झापा विद्रोहपछि नेपाल कम्युनिष्ट पार्टीको सम्पर्कमा रहेका घिमिरे २०३२ माघदेखि अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (कोके) गठनपछि विद्यार्थी संगठनमार्फत पार्टी काममा होमिएका हुन् ।

२०३३ सालमा आफ्नो शिक्षालाई थाती राखेर गाउँ-गाउँ पुगेर पार्टीको संगठन निर्माणमा खटिएका घिमिरेले भूमिगत भएर कोकेमा काम गरेको ३ वर्षपछि २०३५ साल भदौमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरेका थिए । २०३५ साल पुस ११ गते कम्युनिष्ट घटकहरु मिलेर नेकपा माले बनेपछि तेह्रथुम र पाँचथर जिल्लाको संगठक, २०३९ सालमा इलाम जिल्लाको पार्टी प्रमुख भएका घिमिरे २०४९ सालमा नेकपा माले र नेकपा एकीकृतको एकीकरणपछि सम्पन्न नेकपा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्य बने ।

२०५० सालमा नेकपा एमालेको मेची अञ्चल इन्चार्ज,त्यसपछि पेशागत र जनसंगठनको इन्चार्ज, २०७५ सालमा नेकपाको प्रदेश १ अध्यक्ष, २०७८ सालमा सम्पन्न नेकपा एमालेको दसौं राष्ट्रिय महाधिवेशनबाट पार्टीको स्थायी कमिटी सदस्य तथा प्रदेश नम्बर १ इन्चार्जसमेत बनेका थिए । भूमिगतकालमा २०३५ देखि २०४६ सालसम्म संगठन र नेतृत्व गरेका जिल्लाहरु तेह्रथुम, पाँचथर र इलाम आजसम्म कम्युनिष्टको मजबुत संगठनसहितको किल्लाको रुपमा स्थापित भएका छन् । २०५४ सालमा मेची अञ्चल इन्चार्ज भएको वेला सम्पन्न स्थानीय चुनावमा मेची अञ्चलका सबै जिल्ला विकास समिति र तीन चौथाइभन्दा बढी स्थानीय तहमा पार्टी जिताउन घिमिरे सफल भए ।

प्रदेश १ इन्चार्ज भएका वेला २०७९ सालमा सम्पन्न स्थानीय चुनावमा प्रदेश नं १ मा पाँचदलीय गठवन्धनको घेरा तोड्दै कुल ५ हजार ८६४ मध्ये सबैभन्दा धेरै २ हजार ६८५ जनप्रतिनिधि नेकपा एमालेबाट विजयी गराउन उनी सफल भए । २०७९ साल मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फ प्रदेश नं १ मा नेकपा एमाले पहिलो दल बनाउन पनि घिमिरे सफल भए । २०७९ सालको चुनावमा हालसम्मको इतिहासमा कहिल्यै नजितेको सोलुखुम्बु जिल्लामा ५ दलीय गठबन्धनलाई हराउँदै नेकपा एमालेलाई उनैले विजयी गराए । पहिलो पटक झापा क्षेत्र नं २ बाट उम्मेदवार बन्दा पाँचदलीय गठबन्धन स्वतन्त्रलगायत सबैको घेरा तोडेर प्रतिनिधिसभा तथा प्रदेश भाका दुवै स्थानमा सानदार जीत निकालेका छन् । मदन भण्डारी फाउण्डेसनको कार्यालय प्रमुख भएर फाउन्डेसनको विस्तार र विकासमा समेत उनको योगदान छ ।

संसदीय राजनीतिमा घिमिरे एमालेभित्रै नयाँ भए पनि पार्टीभित्रको वरियतामा भने अहिलेका अधिकांश पदाधिकारीभन्दा सिनियर हुन् । घिमिरेका अनुसार पार्टीभित्र (केन्द्रीय नेतृत्वमा) उनीभन्दा सिनियर ५ जनामात्र नेता छन् । अध्यक्ष केपी शर्मा ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेमात्र उनीभन्दा सिनियर हुन् । यस हिसाबले घिमिरे एमाले केन्द्रीय कमिटीमा रहेकामध्ये छैटौं वरियतामा पर्छन् ।अब सदनलाई तटस्थ रहेर संचालन गर्ने र विवाद रहित तरिकाले चलाउनुपर्छ । सदनको साझा बनाउन काङ्ग्रेसले उमेदवार नबनाउन सक्थ्यो । प्रधानमन्त्रीलाई विश्वासको मत दिने तर सभामुखमा प्रतिस्पर्धा गर्ने काङ्ग्रेसको उल्टो बाटोलाई सहि बाटोमा ल्याउन सभामुखले खेल्ने भूमिका महत्वपूर्ण हुनेछ । भूँई तहको मान्छे जनताको प्रतिनिधिमुलक संस्थाको प्रमुख हुन पाउनु नेपालले अबलम्बन गरेको प्रणालीको कारणले हो । सादगी, शालीन र भद्र व्यक्ति घिमिरेले सदनलाई मर्यादित बनाउन सफलता मिलोस शुभकामना ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यासित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# उपसभामुखको निर्वाचन माघ ७ गते

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**

प्रतिनिधिसभाको उपसभामुखको निर्वाचन यही माघ ७ मा हुने भएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा ज्येष्ठ सदस्य पशुपति शमशेर जबराले उक्त जानकारी गराउनुभएको हो ।

उपसभामुखको निर्वाचनका लागि सङ्घीय संसद् सचिवालयका सचिव गोपालनाथ योगीलाई निर्वाचन अधिकृत तोकिएको छ । सचिवालयलाई उक्त निर्वाचनसम्बन्धी सूचना बिहीबारनै जारी गर्न बैठकले निर्देशन गरेको छ ।

# सीप सिकेर गाउँमै स्वरोजगार बन्दै म्याग्दीका युवा

**रासस**
**म्याग्दी, ५ माघ**

म्याग्दीको बेनी नगरपालिका-२ खान्दुलाका दीर्घबहादुर सापकोटाले घरमै बसीबसी बनाएको चोयाका मुढा (बस्ने साधन) बिक्री गरेर वार्षिक रु डेढ लाखभन्दा बढी आम्दानी गर्नुहुन्छ ।

ग्रामीण रोजगार कार्यक्रमअन्तर्गत दुई वर्षअघि वडा कार्यालयले आयोजना गरेको १५ दिने मुढा बुनाइ तालिम लिएपछि सापकोटाले चोयाका सामग्री निर्माण गर्न थाल्नुभएको हो । गाउँघरमा पाइने बाँसबाट चोया निकाली उहाँ मुढा, डोका, डालालगायत सामग्री निर्माण गर्नुहुन्छ । त्यसैगरी आइपिएम पाठशालाअन्तर्गत दुई महिने कृषि तालिम लिनुभएका मालिका गाउँपालिका-५ देवीस्थानका ३१ वर्षीय जगबहादुर बुढाले गाउँमै तरकारी खेती गरेर मनग्गे आम्दानी गर्दै आउनुभएको छ ।

सापकोटा र बुढा मात्रै होइन पछिल्लो समय कृषि र पशुपालनमा प्राविधिक सीप सिकेपछि म्याग्दीका युवा गाउँमै स्वरोजगार बन्न थालेका छन् । रोजगारीका लागि विदेश जान तयार रहेका र वैदेशिक रोजगारीबाट फर्किएका युवा अहिले घर-गाउँमै व्यावसायिक बन्ने प्रयासमा लागेका हुन् । गाई, बाख्रा, बङ्गुर, कुखुरा र मौरीपालन, बेमौसमी तरकारी खेतीलगायतको तालिम पाएपछि विशेषगरी १६ देखि ३० वर्ष उमेरका युवा कृषिमा आकर्षित भएका हुन् ।

जिल्लाका मालिका, धवलागिरि, मङ्गला, रघुगङ्गा गाउँपालिका र बेनी नगरपालिकाका युवा अहिले कृषि र पशुपालनमा व्यावसायिक बन्न थालेका हुन् । तालिम मात्र होइन, थोरै मात्रामा ‘बीउ पूँजी’ पाएपछि ती युवालाई खेतीपाती र पशुपालनमा सहयोग पुगेको छ । लघुउद्यम विकास समिति, कृषि सहकारी तथा युवा स्वरोजगार लक्षित परियोजनालाई स्थानीय सरकारले साथ दिएपछि युवा लाभान्वित भएका हुन् । जीविकोपार्जनको वैकल्पिक उपायको खोजी र सीप विकासमार्फत स्वरोजगार, उद्यम र स्थानीयस्तरमै जीविकोपार्जनका लागि सहयोग उद्देश्यले कृषिमा युवा परिचालन गरिएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो ।

उद्यमशीलता र व्यावसायिक योजनाबारे युवालाई तालिम दिइएको युवा स्वरोजगार परियोजना संयोजक सन्तबहादुर कार्कीले बताउनुभयो । ‘कृषि र पशुपालन मात्र होइन, युवालाई सशक्तीकरण, सुरक्षित आप्रवासन, मानव बेचबिखन नियन्त्रण, नेतृत्व विकासलगायतबारे पनि तालिम दिइएको छ’, उहाँले भन्नुभयो, ‘युवा भनेबित्तिकै व्यवसाय मात्रै गर्छन् भन्ने हुँदैन, युवा चौतर्फी क्षेत्रमा जोडिने भएकाले उनीहरूलाई तालिम, सचेतना र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेका हौँ ।’

यसैगरी धवलागिरि गाउँपालिकाले पनि युवा स्वरोजगारका विभिन्न तालिम सञ्चालन गरेपछि सीप सिकेर व्यवसाय गर्ने युवा युवतीको सङ्ख्या बढेको बताइएको छ । धवलागिरि गाउँपालिकामा पशुपालन, जडीबुटी खेती, फलफूललगायत क्षेत्रमा व्यावसायिकरूपमा लाग्ने युवाको सङ्ख्या बढ्दै गएको धवलागिरि-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो । मङ्गला गाउँपालिकामा प्राविधिक सीप सिकेर व्यावसायिकरूपमा लाग्ने युवाहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ । यहाँका युवा विशेषगरी कृषि पेसातर्फ आकर्षित भएका गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । बानियाँका अनुसार गाउँपालिकाभित्र विगत तीन वर्षको अवधिमा ५० भन्दा बढी युवा व्यावसायिक कृषि पेसामा लागेका छन् ।

लामो समयसम्म हिउँदे वर्षा नभएपछि हिमाली जिल्ला म्याग्दीमा हिउँदेबाली (गहुँ, जौ, उवा, केराउ) लगायत तरकारी खेती सुक्न थालेको छ । यस वर्ष म्याग्दीमा बर्खेबाली-धान र कोदो) को उत्पादन पनि घटेको र हिउँदेबालीको उत्पादनमा पनि कमी आउने सङ्केत देखिएकाले कृषक चिन्तित भएका छन् ।

गत असोजदेखि यहाँ आकाशे पानी परेको छैन। हिउँदे बाली लगाउने समयमा भएको खडेरीका कारण लगाइएको बाली सुक्न थालेको कृषकले बताएका छन् । यस वर्ष खडेरीका कारण जिल्लामै गहुँ, जौ, उवा, केराउ, मुसुरो, हिउँदे आलु तथा तरकारीको उत्पादनमा निकै कमी हुने देखिएको म्याग्दीका अगुवा कृषक चन्द्रबहादुर कार्कीले बताउनुभयो । खेतीपातीकै भरमा जीविकोपार्जन गरिरहेका जिल्लाका अधिकांश कृषक उत्पादनमा कमी आउने देखिएपछि चिन्तित भएका छन् । दुःख गरेर लगाएको बाली हात नपर्ला भन्दै कृषक चिन्तित भएका हुन् । करिब नौ हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती हुँदै आएको म्याग्दीमा ५२ प्रतिशत जमिनमा मात्रै सिँचाइको सुविधा भएको छ । सिँचाइको सुविधा नभएका ठाउँमा कतिपय कृषकले गहुँ बाली लगाउन नपाएका स्थानीय तहका कृषि प्राविधिकले बताएका छन् ।

# विमा लेख हरायो

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट जारि गरिएको निम्न लिखित बीमालेख फेदीखोलाबाट पोखरा आउँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

**नामः** तारादेवी कार्की
**ठेगानाः** फेदीखोला-१, स्याङ्जा
**विमा लेख नं.** ३०१०२४२४६
**सम्पर्क :** नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.

# सिद्धेश्वर महिला समूहको अध्यक्षमा कमला

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**



पोखरा महानगरपालिका वडा नं. ११ स्थित सिद्धेश्वर महिला समूहको अध्यक्षमा कमला अधिकारी बास्तोला निर्वाचित भएकी छन् ।

समूहको २०औं साधारणसभा तथा नवौं अधिवेशनले बास्तोलालाई दुई वर्षको कार्यकालका लागि सर्वसम्मत निर्वाचित गरेको हो । समूहको उपाध्यक्षमा दुर्गा बास्तोला, सचिवमा जमुना बास्तोला, कोषाध्यक्षमा रजनी पौडेल बास्तोला र सहसचिवमा मञ्जु अधिकारी निर्वाचित भए । यस्तै, सदस्यहरूमा विद्या बास्तोला, सरिता अधिकारी, सावित्री बास्तोला, रजनी बास्तोला, लक्ष्मी बास्तोला, गीता बास्तोला, भगवती आचार्य, भगवती चिलवाल, पार्वती बास्तोला, सीता बास्तोला, हरिमाया बास्तोला र वसुन्धरा बास्तोला छन । अधिकृत नन्दप्रसाद आचार्य रहेको निर्वाचन समितिले नयाँ कार्यसमिति चयन गरेको हो । यसअघि साधारणसभा तथा अधिवेशन उद्घाटन गर्दै पोखरा-११ का वडाध्यक्ष प्रेम कर्माचार्यले महिला समूहले समाज र महिला हक अधिकार, जनचेतना र महिलामा जागरणका लागि महत्वपूर्ण योगदान पुर्याएको बताए । उनले महिलाहरुको सवलिकरण र सशक्तिकरणको सवालमा संस्थाले पुर्याएको योगदानको उच्च प्रशंसा गर्दै आगामी दिनमा यस्ता कार्यले निरन्तरता पाउनेमा विश्वस्त रहेको बताए । कार्यक्रमा वडासदस्य शुशिल बास्तोला, रनसुवा गुरुङ, समूहकी संस्थापक अध्यक्ष शारदा बास्तोला, पूर्व अध्यक्ष रेवती बास्तोला, फूलवारी क्लवका अध्यक्ष हरिश्चन्द्र बास्तोला लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

समूहकी अध्यक्ष उमा बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष कमला अधिकारी बास्तोलाले स्वागत, सचिव दुर्गा बास्तोलाले कार्यक्रम सञ्चालन गरेका थिए । साथै अध्यक्ष उमा बास्तोला, सचिव दुर्गा बास्तोला र कोषाध्यक्ष संगीता आचार्यद्वारा प्रस्तुत प्रतिवेदन सभाले सर्वसम्मत पारित गरेको थियो ।

# तीन दशकपछि कुश्मामा बसपार्क निर्माण थालियो

**पोखरापत्र संवाददाता**
**पर्वत, ५ माघ**

सडक सञ्जालसित जोडिएको तीन दशकपछि पर्वतको सदरमुकाम कुश्मा बजारमा आधुनिक बसपार्क निर्माण थालिएको छ । कुश्मा नगरपालिका-६ बान्द्रेविडी चौरमा बसपार्क निर्माण गर्न थालिएको हो ।

विसं २०४८ मा पोखरा-बागलुङ सडक विस्तार भए पनि अहिलेसम्म बसपार्क नहुँदा यात्रु तथा सवारी चालक समस्यामा थिए । सघन सहरी तथा भवन निर्माण कार्यालय बागलुङमार्फत ठेक्का सम्झौता गरी बसपार्क निर्माण सुरु भएको हो । रु सात करोड १० लाख ३० हजारको लागतमा बसपार्क निर्माण गर्न लागिएको कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले जानकारी दिनुभयो । भवन निर्माणको जिम्मा स्याङ्जाको विजय सिद्धबाबा निर्माण सेवा कम्पनीले पाएको छ । गत कात्तिकमा ठेक्का सम्झौता भएको योजनाको अवधि आगामी असोज मसान्तसम्म छ । करिब १२ रोपनी १२ आना क्षेत्रफलमा बसपार्क निर्माण हुने निर्माण कम्पनीले जनाएको छ ।

बसपार्कमा फरक फरक प्रकृतिका सवारी साधन फरक फरक स्थानमा पार्किङको व्यवस्था गरिने छ । कम्पनीका प्रबन्धक सविन श्रेष्ठका अनुसार ठेक्का सम्झौताको अवधि ११ महिना मात्र बाँकी रहेकाले अहिले निर्माणको काम धमाधम भइरहेको छ । वर्षायाम अगावै धेरैजसो काम गर्ने गरी जनशक्ति परिचालन गरिएको छ ।

भिरालो जमिन भएकाले दुई तहमा सवारी साधन पार्किङको व्यवस्था मिलाइएको छ । बसपार्कसँगै दुई तले भवनसहित टिकट काउण्टर र प्रतीक्षालय निर्माण हुनेछ । यसअघि सिटीहलसहितको बसपार्क निर्माणका लागि कुश्मा नगरपालिकाले डिपीआर तयार पारिसकेको थियो । कुश्मामा लामो समयदेखि चर्चामा आएको बसपार्क निर्माणले अब गति लिएको छ । कुश्माबजार विस्तार हुँदै गइरहेको, भित्री र बाहिरी चक्रपथ निर्माण भइरहेको, पर्यटकीयस्थल थपिँदै गएकोले कुश्मा आधुनिक सहरको रुपमा विकास हुन थालेको जोशीले बताउनुभयो । कुश्मा नगरपालिका-६ का वडाध्यक्ष ईश्वर गिरिले बसपार्क निर्माणका लागि यसअघि पनि धेरै पटक पहल भए पनि सबै पहल खेर गएको स्मरण गर्दै अब भने बसपार्क निर्माणको काम बीचमै नरोकिने दाबी गर्नुभयो । कुश्मावासीको लामो समयदेखिको बसपार्कको सपना पूरा हुने गिरीले बताउनुभयो । बसपार्क तीन तल्लाको निर्माण हुने गरि डिपीआर तयार भए पनि अहिले भने दुई तलाको मात्र हुने भएको छ । सदरमुकाम कुश्माबजारबाट दिनहुँ काठमाडौँ, पोखरा, सुनौली, विराटनगर, नेपालगञ्ज, भैरहवा, काँकडभित्तालगायतका सहरमा सार्वजनिक सवारी साधन छुट्ने गर्छन् तर जिल्लामा भित्रिएका र बास बस्नुपर्ने सवारी साधन भने सुरक्षित ढङ्गले पार्किङ गर्न पाएका छैनन् ।

कुश्माबजार हुँदै दैनिक हजारौंको सङ्ख्यामा सवारी साधन बागलुङ, रुकुम, म्याग्दी, मुस्ताङ जाने गर्दछन् । व्यवस्थित बसपार्क नहुँदा सडकमै पार्किङ गर्ने, बजारभित्र अव्यवस्थितरुपमा सवारी साधन राख्दा दुर्घटनाको जोखिम .समेत बढ्दै गएको छ । अबको एक वर्षमा बसपार्क निर्माण सम्पन्न भएपछि कुश्माबजारको ट्राफिक व्यवस्थापनमा समेत सहज हुने ट्राफिक प्रहरी कार्यालयका प्रमुख सुमन न्यूरेले बताउनुभयो ।

# पहिरोको अध्ययन गर्न उपकरण जडान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ माघ**

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको दुई स्थानमा पहिरोको प्राविधिक अध्ययन गर्न उपकरण जडान भएको छ ।

अन्नपूर्ण गाउँपालिका-३ को फगाम र काभ्रेभिरमा राखिएको डाटा लगरसहितको उपकरणमा चिस्यान मापन गर्ने यन्त्र, तापक्रम र आर्द्रता नाप्ने सेन्सर र ध्वनि उत्सर्जन गर्ने सेन्सर जडान गरिएको हो ।

उपकरणबाट प्राप्त हुने जमिनभित्रको तथ्याङ्कले पहिरो जान सक्ने अवस्थाबारे जानकारी दिएर पूर्व तयारी र मनसुन योजना बनाउन सहयोग हुने पहिरोको अनुसन्धान गरिरहेको सजग समूहका सदस्य निमा दोर्जे भुटियाले जानकारी दिनुभयो ।

“उपकरण राखिएको स्थानमा पानी कति पर्‍यो, कति कम्पन भयो र चिस्यान कति छ भन्ने कुरा सेन्सरमार्फत डाटा रेकर्ड भइरहेको हुन्छ,” उहाँले भन्नुभयो “यसमा पहिरो जाँदै छ भनेर साइरन बज्ने त हुँदैन तर जमिनभित्रको तथ्याङ्कले पहिरो जान सक्ने अवस्थाबारे जानकारी दिएर पूर्व तयारी गर्न, मनसुन योजना बनाउन सहज हुन्छ ।”

त्रिभुवन विश्वविद्यालयसहित बेलायत, क्यानडा, न्युजिल्यान्डका विभिन्न विद्यालय, भूकम्प प्रविधि राष्ट्रिय समाज, सोसल साइन्स समेतको सहभागितामा भूगर्भ विज्ञान, सामाजिक विज्ञान र मानविकी सङ्कायका नेपाली तथा अन्तर ष्ट्रिय अनुसन्धाता सहितको टोलीले उपकरण जडान गरेको हो । फगाम र काभ्रेभिर पहिरोका हिसाबले जोखिमयुक्त मानिन्छ । अनुसन्धानमा संलग्न मानवशास्त्री टेकबहादुर दोडले म्याग्दीसहित काभ्रे, सिन्धुपाल्चोकको भोटेकोसी, बाह्रबिसे, दोलखाको भीमेश्वर नगरपालिकामा १० स्थानमा उपकरण जडान गरेर पहिरोको अध्ययन थालिएको बताउनुभयो । जमिनको २० मिटर तलसम्म गाडिएको उपकरणले माटोमा भएको हलचलबारे हरेक १० मिनेटमा कम्प्युटरलाई जानकारी प्रवाह गर्छ । कम्प्युटरसम्म आइपुगेको सूचनासरोकार निकायलाई समयमै जानकारी दिनसके त्यसले क्षति कम गराउन मद्दत पुग्ने भुटियाले बताउनुभयो । सेन्सर सञ्चालनका लागि ब्याट्री, सौर्य ऊर्जा, साइरन, रिमोट, प्यानिक बटनजस्ता उपकरण आवश्यक राखिएको छ । माटोको चिस्यान मापन उपकरण, माटोमुनिको तापक्रम र आर्द्रता मापन गर्ने ‘सेन्सर’ वर्षा मापन उपकरणलाई पाइपभित्रबाट जमिनमुनि गाडिएको छ ।

# महोत्सवमार्फत संस्कृति र परम्परा संरक्षण गरिँदै

**–कमल खत्री**
**बेनी, ५ माघ(रासस)**

बेनीबजारका १३ वर्षीय अप्रिम श्रेष्ठ हनुमान नाच नाच्नुभयो। बेनीमा २२ वर्षयता नचाउन नसकिएको हनुमान नाच यस पटकको सातौँ म्याग्दी महोत्सवमा प्रदर्शन गरिएको थियो । दुई दशक बढी समयपछि प्रदर्शन गरिएको उक्त हनुमान नाचमा बालकदेखि युवासम्मले नाचेपछि यसले धेरैको ध्यान तान्न सफल भयो।

नेवार समुदायको ऐतिहासिक सांस्कृतिक धरोहरको रुपमा चिनिने हनुमान नाच महोत्सवमा देखाउन नेपाल भाषा मंकाखलले नयाँ पुस्तालाई तालिम र प्रशिक्षण दिएको थियो । मंकाखलले महोत्सवमा देखाएको नागानागीनी नाचमा छ वर्षका आरभराज श्रेष्ठ र छ वर्षकै सालिन श्रेष्ठले नृत्य देखाउनुभएको थियो । अन्य संस्कृतिको प्रभाव बढ्दै जाँदा आफ्ना मौलिक संस्कृति हराएर जाने खतरा बढेपछि म्याग्दीका जातजाति आफ्नो मौलिक, कला, परम्परा, संस्कृति संरक्षणमा जागरुक बनेका छन् । कलाकारको अभाव र नयाँ पुस्तामा संस्कृति हस्तान्तरण हुन नसकेको अवस्थामा तालिम दिएर नयाँ कलाकार तयार गरी हनुमान नाच देखाइएको मंकाखलका सांस्कृतिक संयोजक सञ्जयकुमार श्रेष्ठले बताउनुभयो। विसं २०५७ भदौमा बेनीको माई भगवती मन्दिर निर्माण गर्न आर्थिक सङ्कलनका लागि हनुमान नाच देखाइएको थियो । त्यसयता कलाकारको अभाव र नृत्य पुस्तान्तरण नहुँदा हराएर जाने अवस्थामा पुगेको नाचलाई मंकाखलले पुनर्जागरण गराएको हो। मृढंगना र झ्यालीको तालमा हनुमानको रुप धारण गरेका कलाकारले नृत्य देखाउने यस नाचमा सहभागी भएका थिए।

अधिकतम ११ जोडीसम्मले यस नाचमा नृत्य गर्न सक्ने हनुमान नाचलाई संरक्षण गर्नका लागि नेपाल भाषा मंकाखल म्याग्दीले तालिम नै सञ्चालन गरेको छ। यस पटकको म्याग्दी महोत्सवमा क्षत्री समाजले आफ्नो परम्परागत सरुन नाच र गुरुङ समुदायले घाटु नाच देखाएका थिए। महोत्सवले आम समुदायलाई आफ्नो संस्कृति, वेशभूषा र परम्पराको संरक्षणमा जागरुक बनाएको जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाल बताउनुहुन्छ।

"यस पटक महोत्सवलाई व्यापार व्यवसायको प्रवर्द्धनसँगै कला संस्कृति र पर्यटन प्रवर्द्धनमा जोड दिएका छौँ, दैनिकरुपमा हरेक समुदायले आफ्नो मौलिक प्रस्तुति राखिरहनुभएको छ", उहाँले भन्नुभयो । महोत्सव मगाउँघरको संस्कृतिलाई पनि सहरसम्म ल्याईपुऱ्याउने माध्यम बनेको छ। रघुगङ्गा गाउँपालिका-७ चिमखोलाबाट सुरु भएको थाली नाच महोत्सवको आकर्षण बनेको छ। हरेक दिनजसो नयाँ कलाकारले थाली नाचमा नृत्य प्रस्तुत गर्ने गरेको महोत्सवका सांस्कृतिक संयोजकसमेत रहनुभएका म्याग्दी उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो । उहाँले महोत्सवमा स्थानीय कलाकारलाई प्राथमिकता दिइएको कारण पनि यस पटक महोत्सव जिल्लाभित्रका कला, संस्कृति देखाउने थलो बनेको बताउनुभयो । धौलागिरि गाउँपालिका-७ ताकमको स्थानीय मौलिक संस्कृतिको रुपमा रहेको राधाकृष्ण नाच बेनीमा प्रदर्शन भएको थियो भने भने थकाली, मगर, छन्त्याल, परियारलगायतका जातजातिले आफ्नो संस्कृति, वेशभूषा र परम्परालाई महोत्सवमा प्रदर्शन गरेका छन् । महोत्सवमा नेपाली विवाहको महत्वपूर्ण पाटो मानिने रत्यौली प्रर्दशन थप अर्को आकर्षण बन्यो । ताकम र राक्सेका आमा समूहसँगै ब्राह्मण समाज र क्षेत्री समाजले मौलिकता देखिने गरी प्रस्तुत गरेको रत्यौलीले दर्शकमा विवाहकै झल्को दिएको थियो । महिला आफैँले बाजा बजाउने, जन्ती जाने, दुलहा, दुलहीसमेत बनेर विवाहको झल्को दिँदै रत्यौली गीत र नाचमा दर्शकसमेत छमछमी नाचेका थिए।

देशभर आयोजना हुने महोत्सवमा आधुनिकताको प्रभाव बढिरहेको सन्दर्भमा म्याग्दी महोत्सवमा लोपोन्मुख र हराएर जाने अवस्थामा पुगेका संस्कृतिको पुनर्जागरण गराउनेमा जोड दिइएको म्याग्दी उद्योग वाणिज्य सङ्घका प्रथम उपाध्यक्ष राजेश शाक्यले बताउनुभयो । उहाँका अनुसार, महोत्सवमा मौलिक संस्कृति जगेर्ना हुने गरी प्रतियोगिता समावेश भएका छन् । मगर, छन्त्याललगायतका जातजातिको पुर्ख्यौली नाचसमेत महोत्सवमा आयोजना गरिएको छ। चार समूह सहभागी भएको पुर्ख्यौली नाचमा अन्नपूर्ण गाउँपालिका-८ काफलडाँडाको पुर्ख्यौली समूह विजयी बने । महोत्सवले लुकेर रहेका प्रतिभाको पहिचान र खोजी तथा मौलिक संस्कृतिको संरक्षणमा जोड दिएको प्रतियोगिताका संयोजकसमेत रहनुभएका प्रथम उपाध्यक्ष शाक्य बताउनुहुन्छ। एकल लोकनृत्य प्रतियोगिता सम्पन्न भएको महोत्सवमालोकदोहोरीगीतरगण्डकी लोकतारा प्रतियोगितासमेत समावेश गरिएको छ । स्थानीय कलाकारको प्रतिभा प्रस्फुटन गर्ने थलो बनेको महोत्सव कलाकारको प्रस्तुतिले सङ्गीतमय बनेको छ भने नौमती बाजादेखि कलाकारको साङ्गेतिक प्रस्तुतिले महोत्सवस्थल गुञ्जायमान बनेको छ।

# नेपालमा कोरियन भाषाको विकासका लागि ड्रिम नोरिटर र कनेक्टिंग वल्ड बीच सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ माघ**




नेपालमा कोरियन भाषाको विकासका लागि कोरियन कम्पनी ड्रिम नोरिटरको तर्फबाट आनउन्यङ् र कनेक्टिंग बल्ड एजुकेशनको तर्फबाट समुन बहादुर थापाले यहि १५ जनवरी २०२३ मा सम्झौता गरेका छन् ।

उक्त सम्झौता पत्रमा कोरियन भाषाको बृद्धि र बिकासको लागि सहमति जनाउदै भाषा क्षेत्रमा सहकार्य, पाठ्यपुस्तक तथा अभ्यास प्रश्नमा भाषिक शुद्धता, हुबहु कोरियन भाषा परीक्षा प्रणाली (UBT) निर्माणलाई प्राथमिकतामा राखेर अझ व्यापक र विस्तृत रुपमा नेपालमा कोरियन भाषा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई सहयोग गर्ने हेतुले सम्झौता गरिएको जनाइएको छ।

पोखरामा स्तरीय भाषा प्रशिक्षण गराउने उद्देश्यले सन् २०१७ मा कनेक्टिङ वल्ड एजुकेशन फाउण्डेसन प्रा.लि.को स्थापना भएको थियो । कोरियामा नै ३ वर्ष कोरियन भाषा अध्ययन गरि लाइसन्स प्राप्त प्रशिक्षक समुन बहादुर थापा र निशान्त थापाले आफुले सिकेको भाषिक ज्ञानको सदुपयोग गर्ने हेतुले भाषा केन्द्र पोखराको महेन्द्रपुलमा खोलिएको थियो । छोटो समयमा नै यस क्षेत्रमा कोरियन भाषाप्रेमीहरुका माँझ लोकप्रिय बन्न सफल भएको छ। उनीहरुको कडा मेहनतले ल्याएको उत्कृस्ट नतिजा, उत्कृष्ट पाठ्य सामग्रीका साथै फेसबकु पेजमा राखिएका प्रश्नहरुले यस भाषा केन्द्रलाई कोरियन भाषाप्रेमी माँझ चर्चाको शिखरमा पुऱ्याउन सफल भएको छ । यस भाषा केन्द्रमा अध्यापन गराउने समुन बहादुर थापाले सन् २०१९ मा भएको ६१ औ कोरियन भाषा दक्षता (TOPIK) परिक्षामा र सन् २०२२ मा भएको विश्व भाषा क्याम्पस पोस्ट एडभान्स लेभल ६ को परिक्षामा नेपाल टप गरेका थिए । यस भाषा केन्द्रबाट अहिलेसम्म हजारौ विद्यार्थीहरु कोरियन भाषा उत्तीर्ण भई कोरिया जान सफल भएका छन् भने हजारौ विद्यार्थीहरु कोरिया जाने तयारीमा रहेका छन् । नेपालको कोरियन भाषा क्षेत्रमा सबैभन्दा धेरै पुस्तक प्रकाशन र वितरण (टेक्स बुक, ब्याकरण बुक, डिक्सनेरी बुक, प्रश्नपत्र संग्रह) साथै कोरियन भाषा परीक्षा प्रणाली (UBT) निर्माणकर्ता र वितरकको रुपमा रहेको छ । नेपाल भर EPS कोरियन भाषा परिक्षाको तयारीमा रहेका विद्यार्थीहरुले सायद यस भाषा केन्द्रको पुस्तक नपढेको कमै मात्रा रहेको हामी पाउँछौं।

कोरियामा अवस्थित ४० जना भन्दा बढी लाइसेन्स प्राप्त कोरियन भाषा प्रशिक्षक रहेको ड्रिम नोरिटर (Dream Noriter) कोरियन कम्पनीले २०१३ बाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा कोरियन भाषा (EPS) अध्ययनरत विद्यार्थीहरुको शुद्ध र सहज कोरियन भाषा बुझाइमा सहयोग गर्दै आएको छ भने Hanguga–Norieter for Eps–TOPIK नामक आफ्नै फेसबकु पेज बनाई अहिलेसम्म लगभग ६५१६ भन्दा बढी स्तरीय प्रश्नहरु कोरियन प्रशिक्षकले नै बनाई अभ्यासका लागि राखिएको छ।

# जहाँ मोबाइलको उज्यालोको भरमा सुत्केरी गराइन्छ

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ माघ**

दुई महिना पहिले बागलुङको गलकोट नगरपालिका-७ मल्म गाउँकी एक गर्भवती सुत्केरी हुन् मल्म स्वास्थ्यचौकी पुग्नुभयो । सुत्केरी हुन स्वास्थ्यचौकी पुगेपछि स्वास्थ्यकर्मीले सुत्केरी गराउने सबै तयारी पूरा गर्नुभयो । प्रसूति व्यथाले च्यापेकी महिलालाई बर्थिङ सेन्टरमा राखियो । सम्भावित सबै जोखिम सामना गर्न स्वास्थ्यचौकीमा उपलब्ध स्वास्थ्यकर्मी तयार थिए । जब बच्चा जन्मिने बेला भयो, झ्याप्प बिजुली गयो।

बच्चा जन्मिनै लागेकाले स्वास्थ्यकर्मीले हतार-हतार खल्तिमा रहेको मोबाइल निकाले । मोबाइलको लाइट बाले । मोबाइलको लाइटकै भरमा तीनजनालाई सुत्केरी गराएको स्वास्थ्यचौकीकी अनमी माधुरी नेपाली बताउनुहुन्छ । "धेरै पटक हामीले मोबाइलको लाइटकै भरमा सुत्केरी गराएका छौँ, बेलाबेलामा काटिने विद्युत्को वैकल्पिक व्यवस्था नहुँदा समस्या भएको छ", नेपाली भन्नुहुन्छ, "बर्थिङ सेन्टरजस्तो संवेदनशील ठाउँमा बत्तीको भरपर्दो व्यवस्था छैन।"

स्वास्थ्यचौकीमा बिजुली नभएका बेला 'ब्याकअप' को व्यवस्था नहुँदा समस्या हुने गरेको स्वास्थ्यचौकीका प्रमुख जनस्वास्थ्य निरीक्षक अनिता कार्कीले बताउनुभयो । "हामीले ब्याट्री राखिदिन गलकोट नगरपालिकाको स्वास्थ्य शाखालाई आग्रह गर्दैआएका छौँ तर सुनवाई भएको छैन", उहाँले भन्नुभयो।

बेलाबेलामा बिना सूचना काटिने विद्युत्ले यहाँका स्वास्थ्यकर्मीलाई समस्या हुने गरेको छ । बर्थिङ सेन्टर रहेको स्वास्थ्यचौकीमा चालु आर्थिक वर्षमा १९ जना सुत्केरी भएका छन् । अधिकांश रातिको समयमा सुत्केरी हुँदा स्वास्थ्यकर्मीले विद्युत् काटिएका बेला समस्या भोग्ने गरेका हुन्।

"एक त हामीसँग प्रयाप्त जनशक्ति छैन, भएको जनशक्तिले काम गरिरहेका बेला एकजनाले मोबाइलको लाइटको व्यवस्था गर्नुपर्छ", कार्कीले भन्नुभयो, "हामीसित मोबाइल कोखमा च्यापेर सुत्केरी गराएका धेरै अनुभव छन् ।" यो समस्या गलकोट नगरपालिकाका स्वास्थ्य संस्थामा मात्रै होइन, बागलुङका अधिकांश स्वास्थ्य संस्थामा छ । स्थानीय तहले विद्युत्को वैकल्पिक व्यवस्था गर्न नसक्दा स्वास्थ्यकर्मीले आकस्मिक उपचार तथा प्रसूतिको समयमा सास्ती ब्यहोर्नुपरेको हो।

बर्थिङ सेन्टर रहेको बरेङ गाउँपालिकाको बाटाका चौर स्वास्थ्यचौकीमा पनि बैकल्पिक ऊर्जाको समस्या छ । छिमेकी जिल्ला गुल्मी हुँदै बरेङ ल्याइएको केन्द्रीय प्रसारण लाइनको विद्युत् सामान्य हावा चल्दासमेत अवरुद्ध हुने गरेको छ। "एक पटक गयो भने तीन/चार दिन विद्युत् आउँदैन्, ब्याकअप नहुँदा सबैभन्दा समस्या सुत्केरी गराउने बेला हुन्छ", स्वास्थ्यचौकीका निमित्त प्रमुख धर्मप्रकाश थारुले भन्नुभयो, "बर्थिङ सेन्टरलाई संवेदनशील मानेर आवश्यक पूर्वाधार तयार गर्नुपर्छ ।" विद्युत् नहुँदा मोबाइलकै भर पर्नुपरेको उहाँले सुनाउनुभयो। बरेङ गाउँपालिकाले भने केही स्वास्थ्य संस्थामा विद्युत् नभएका बेला वैकल्पिक प्रयोगका लागि 'ब्याकअप' जडान गरेको छ । धुल्लुबास्कोट स्वास्थ्यचौकीको बर्थिङ सेन्टरमा जडानगरिएको'ब्याकअप'लेसहयोग पुगेको अनमी अनिसा आचार्यले बताउनुभयो। गाउँपालिकाले सबै स्वास्थ्य संस्थामा 'ब्याकअप' पुऱ्याउने योजना बनाएको छ । "क्रमैसँग सबै स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाउँछौँ, एकै पटक बजेटका कारण सम्भव छैन्", गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले भन्नुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९४/०६/२० गते

स्वर्गारोहणः
वि.स. २०७८/०१/२९ गते

स्वः रण सुवा पर्जु तमु

साविक कास्की जिल्ला कालिका गा.वि.स. वडा नं. ९ काउरे पुर्ख्यौली घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३, कमलपोखरी मार्ग टोल विकास संस्थाका सदस्य श्री मोहन पर्जु तमु, श्री महाविर पर्जु तमुको ममतामयी माता **रण सुवा पर्जु तमु**को ८४ वर्षको उमेरमा असामयीक निधन भएको आज पितृकार्य (अर्घौ) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

सु. ईन्द्रबहादुर गुरुङ
अध्यक्ष एवं
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
पोखरा-१३


# म्याग्देमा दुई सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ माघ**

तनहुँको म्याग्दे गाउँपालिका-३ बिरुवा खिरेडाँडामा दुई सय मेट्रिकटन क्षमताको शीत भण्डार निर्माण थालिएको छ । शीत भण्डार निर्माणको जिम्मा पासा कन्स्ट्रक्सनले पाएको छ।

विसं २०७९ पुस १ गते सम्झौता भई रु एक करोड ४७ लाखको लागतमा शीत भण्डार निर्माण गर्न सुरु गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । शीत भण्डारमा फलफूल, तरकारीलगायत उपज भण्डार गर्न सकिने छ। कृषकले उत्पादन गरेका वस्तु भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याको अन्त्य गर्न शीत भण्डार निर्माण गर्न लागिएको हो । शीत भण्डार २०८० असारसम्म निर्माण सम्पन्न गर्नुपर्ने छ । समृद्ध गाउँपालिका बनाउनका लागि उत्पादन र कृषिमा प्राथमिकता दिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । कृषकले फलफूल र तरकारी उत्पादन गर्ने तर समयमा बिक्री हुन नसक्ने समस्या टड्कारो रहेका कारण उचित मूल्य पाउनबाट वञ्चित हुनुपरेकाले शीत भण्डार निर्माण जरुरी भएको उहाँको भनाइ छ। उत्पादित वस्तु समयमा बेच्न नसक्दा सड्ने र कृषकले घाटामा बेच्नुपर्ने हुँदा कृषकलाई प्रोत्साहन गर्न शीत भण्डार आवश्यक छ।

उहाँले भन्नुभयो, " शीत भण्डार निर्माण पछि कृषक आफैँले उत्पादित वस्तु भण्डारण र बिक्री गरी आयआर्जन गर्न सक्नेछन् ।"


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित )

गण्डकी प्रादेशिक कार्यालय पोखरा

## अस्थायी सटर भाडामा लगाउने सम्बन्धी १५ दिने सूचना

प्रकाशित मितिः २०७९।१०।०६

कास्की जिल्ला पो.म.न.पा. ९, पृथ्वी चोक स्थित साबिक नेशनल ट्रेडिङ्ग लिमिटेडको यातायात कार्यालय जाने बाटो तर्फको १९ अस्थायी सटरहरु ५ वर्षको लागि भाडामा दिनका लागि सूचना गर्ने भनि प्रधान कार्यालयको सम्पत्ती व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९।०९।२९ को निर्देशन अनुसार न्युनतम मासिक भाडादर रु. ३,०९,५००।– (अक्षरुपी रु. तिन लाख नौ हजार पाँच सय मात्र) भन्दा कम नहुने गरि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समयभित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
गण्डकी प्रादेशिक कार्यालय, पोखरा
फोनः ०६१-४५५२५९, ९८५६०८६७६७
email: nfcpokhara@gmail.com